# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## स्कूल अफ मेडिसिन, डीनको कार्यालय, लगनखेल, ललितपुर

## एम.डी. ⁄ एम.एस. (MD/MS) अध्ययनका लागि आवेदन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६ ⁄ ०३ ⁄ २१)

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले नेपालको ग्रामीण भेग र शहरी क्षेत्रमा बसोबास गर्ने जनसमुदाय बीच गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा विद्यमान विभेदपूर्ण स्थितिमा सुधार ल्याउन तथा स्वास्थ्यको क्षेत्रमा मुलुकलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने उद्देश्य लिएको छ । प्रतिष्ठानको पाटन अस्पतालले सर्वसुलभ रुपमा सबैजसो किसिमका उपचारात्मक सेवा प्रदान गर्दै आएकोमा प्राज्ञिक कृयाकलापहरुको विस्तार संगै स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा, वैज्ञानिक अनुसन्धान तथा गुणस्तरीय स्वास्थ्य सेवाको माध्यमबाट सो उद्देश्य प्राप्त गर्ने लक्ष्य राखेको छ ।

नेपाल सरकारको अनुदान समेतबाट सञ्चालन गरिने चिकित्साशास्त्र स्नातकोत्तर तह एम.डी. ⁄ एम.एस. (MD/MS) कार्यक्रमले चिकित्सा शिक्षाका नबिनतम अवधारणा र मान्यतालाई समेट्दै वैज्ञानिक पाठ्यक्रम, उपयुक्त शिक्षण विधि, योग्य र अनुभवी शिक्षक तथा समर्पित नेतृत्व बीच प्रभावकारी संयोजन गरेर प्राविधिक रुपले सक्षम र सामाजिक उत्तरदायित्व बोधयुक्त चिकित्सक उत्पादन गरी ती चिकित्सकहरुलाई नेपालको दुर्गम तथा ग्रामीण भेगमा बसोबास गर्ने जनसमुदायको स्वास्थ्य स्थिति सुधार्ने काममा परिचालन गर्ने लक्ष्य राखेको हुदा सो लक्ष्यको मर्मलाई आत्मसात् गर्ने र त्यसको प्राप्तिमा योगदान गर्न चाहने आवेदकहरुलाई यस कार्यक्रममा आवेदन गर्न आह्वान गरिन्छ ।

MD/MS का सम्पूर्ण सिटहरुमा शैक्षिक शुल्क (अन्य शुल्क बाहेक) नेपाल सरकारबाट व्यहोरिने व्यवस्था रहेको छ । तीन (३) बर्षको अध्ययन अवधिमा नेपाल सरकारले तोके बमोजिम वेतन (stipend) दिईनेछ । अध्ययन पश्चात नेपाल सरकार वा प्रतिष्ठानले खटाएको स्थानमा तोकेको अवधिभर काम गर्नु पर्नेछ । भर्ना सम्वन्धी अन्य शुल्क (शैक्षिक शुल्क बाहेक) प्रतिष्ठानले तोके बमोजिम हुनेछ ।

चिकित्साशास्त्र स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम अन्तर्गत लिईने भर्नामा कुल सिट संख्याको १०% सिट प्रतिष्ठानको ऐनले आरक्षित गरेको छ । आरक्षित समूहमा महिला, दलित, आदिवासी ⁄ जनजाति, मधेसी तथा पिछडिएको क्षेत्र पर्दछन् । यस बाहेकको बाँकी सिट खुल्ला तर्फबाट छनौट गरिनेछ । छनौट हुनको लागि आवेदकले अनिवार्य रुपमा प्रतिष्ठानले तोके बमोजिम प्रवेश परीक्षामा न्यूनतम मापदण्ड पूरा गरेको हुनु पर्नेछ । नेपाल सरकार मातहतका कुनै पनि स्वास्थ्य संस्था वा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपत्यका बाहिरका स्वास्थ्य संस्था (Peripheral Teaching Site) मा सेवा गरेका आवेदकले काम गरेको जिल्लाको मानव विकास सूचाकांङ्क (HDI) का आधारमा ग्राह्यता ⁄ प्राथमिकता अङ्क पाउनेछन् । योग्यताक्रम (Merit) को आधारमा छनौट प्रकृया अवलम्वन गरिनेछ ।

१. आवश्यक न्यूनतम योग्यता

(क) आवेदक नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) आवेदकको उमेर फाराम बुझाउने अन्तिम मितिसम्म ५० बर्ष ननाघेको हुनुपर्नेछ ।

(ग) आवेदकले नेपाल मेडिकल काउन्सिलको मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र स्नातक तह ( एम.बी.बी.एस.) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(घ) आवेदक नेपाल मेडिकल काउन्सिलमा दर्ता (स्थायी ⁄ अस्थायी) भएको हुनुपर्नेछ । हाल काउन्सिलको दर्ता निलम्बनमा परेका आवेदक भर्ना आवेदनका लागि योग्य ठहरिने छैनन् ।

(ङ) आवेदकले मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तीमा एक (१) बर्षको सेवा अवधि पूरा गरेको हुनुपर्नेछ । कार्य अनुभव गणना गर्दा आवेदन दिने अन्तिम दिनलाई आधार मानिनेछ ।

(च) छात्रवृत्ति वा प्रायोजनमा एम.बी.बी.एस. वा सो सरह अध्ययन गरेका आवेदकको हकमा अध्ययन गर्नका लागि भएको सम्झौता मुताविकको अनिवार्य सेवा शर्त पूरा गरेको हुनु पर्नेछ ।

२. भर्ना लिईने बिषयहरु यस शैक्षिक सत्र २०७६/०७७ मा चिकित्साशास्त्र स्नातकोत्तर तह एम.डी./एम.एस. (MD/MS) कार्यक्रममा देहायका बिषयहरुमा योग्यताक्रम (Merit) को आधारमा भर्ना लिईनेछ । सिट संख्या आधिकारिक निकायको निर्णय पश्च्यात अध्यावधिक गरिनेछ ।

| SN | Subjects |
|---|---|
| 1 | General Practice and Emergency Medicine |
| 2 | Internal medicine |
| 3 | General Surgery |
| 4 | Obstetrics and Gynecology |
| 5 | Pediatrics |
| 6 | Orthopedics |
| 7 | Otorhinolaryngology (ENT) |
| 8 | Psychiatry |
| 9 | Radiology and Imaging |

**३. आवेदन फाराम:** पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाउँमा रहेको ललितपुर जिल्ला लगनखेलस्थित कृषि विकास बैङ्कको खाता नं. ०२११६००१८००९००१४ वा लक्ष्मी बैंक लिमिटेडको खाता नम्वर ००१८१०४००००४५५ मा जम्मा हुने गरी रू. ५००/- (अक्षरेपि पाँचसय रूपैयाँ मात्र) तिरेको भौचर पेश गरेपछि मिति २०७६ श्रावण २ गते बिहिबारदेखि २०७६ श्रावण २४ गते शुक्रबारसम्म (शनिबार र सार्वजनिक विदा बाहेक) बिहान १०:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म डीनको कार्यालयबाट आवेदन फाराम र सूचना सामग्री प्राप्त गर्न सकिनेछ ।

**४. प्रवेश परीक्षा दस्तुर** : आवेदन दर्ता गराउँन आउँदा बैङ्कको माथि उल्लेखित खाता नम्बरमा जम्मा हुने गरी रू. ४,५००/- (अक्षरेपि चार हजार पाँच सय रूपैयाँ मात्र) तिरेको भौचर आवेदन साथ नत्थी गरी बुझाउनु पर्नेछ ।

**द्रष्टव्य : फाराम र प्रवेश परीक्षा दस्तुर वापत बुझाएको रकम फाराम रद्द भए पनि फिर्ता हुने छैन ।**

**५. आवेदन फाराम बुझाउने समयावधि** : दैनिक बिहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेभित्र शनिबार र सार्वजनिक बिदाका दिन बाहेक मिति २०७६ श्रावण ५ गते आईतबारदेखि २०७६ श्रावण २८ गते मंगलबारसम्म र दोब्बर प्रवेश परीक्षा दस्तुर तिरी मिति २०७६ श्रावण २९ र ३० गते (बुधबार र बिहिबार) यस प्रतिष्ठानको डीनको कार्यालयमा फाराम बुझाउन सकिनेछ । आवेदकले आवेदन दर्ता गराउँदा प्रवेशपत्र वितरण सम्बन्धी जानकारी प्राप्त गर्न सक्नेछन् ।

**६. परीक्षा केन्द्र, मिति र समय** : यस सम्बन्धी आवश्यक सूचना प्रवेशपत्र वितरण गर्दा उपलब्ध गराइनेछ ।

**७. परीक्षाको किसिम** : लिखित प्रवेश परीक्षामा निम्नलिखित दुई प्रकारका प्रश्न पत्रहरु सोधिनेछन् ।

- प्रथम पत्र **(Paper 1)**: चिकित्साशास्त्र स्नातक तहका पाठ्यक्रममा आधारित बहु-वैकल्पिक प्रश्न **(MCQs)**
- द्वितिय पत्र **(Paper 2)** : मानवीय, सामाजिक तथा कार्यकौशलताका पक्षहरु जाँच गर्ने उद्देश्यले तयार गरिएका प्रश्न **(Situational Judgment Test-SJT)**

**८. आवेदन फारामको साथमा सबै समूहका आवेदकले अनिवार्य रूपमा पेश गर्नुपर्ने कागजातहरु :**

८.१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।

८.२ मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वी.वी.एस. वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्र, लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।

८.३ नेपाल मेडिकल काउन्सिलको दर्ता (स्थायी/अस्थायी) प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।

८.४ मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तीमा एक (१) बर्ष काम गरेको अनुभवको प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।

८.५ हालसालै (तीन महिनाभित्र) चस्मा र टोपी नलगाई खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो तिन (३) प्रति ।

८.६ रू. ४,५००/- (अक्षरेपि चार हजार पाँच सय रूपैयाँ मात्र) तिरेको सक्कल भौचर ।
८.७ नेपाल सरकार मातहतमा कार्यरत स्थायी कर्मचारीको हकमा सम्वन्धित निकायबाट स्वीकृति पत्र ।

**९. आरक्षण समूहका आवेदकले माथि उल्लेखित पेश गर्नुपर्ने कागजातहरुको अतिरिक्त देहायका कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ -**

९.१ आवेदक ग्रामीण क्षेत्रको स्थायी बासिन्दा हो भन्ने व्यहोरा प्रष्ट खुल्ने गरी सम्बन्धित गाउँपालिकाबाट जारी कागजातको प्रमाणित छायाँप्रति । आवेदक अन्य गाउँपालिका वा जिल्लामा बसाइँ सरी ग्रामीण क्षेत्रमै स्थायी बसोबास गरिराखेको भए पूर्व गाउँपालिकाबाट बसाइँ सरेको व्यहोरा खुल्ने गरी हाल स्थायी बसोबास गरेको गाउँपालिकाबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ६ महिना भित्र जारी गरिएको स्थायी बसोबासको प्रमाणित छायाँप्रति पेश गर्नु पर्नेछ । साथै आवेदकको नागरिकतामा उल्लेखित स्थायी ठेगाना निज ग्रामीण क्षेत्रमा स्थायी बसोबास गरेको प्रमाणसंग मिल्ने हुनुपर्नेछ ।

आवेदकले स्थायी बसोबास गर्दै आएको गाउँपालिका हाल नगरपालिका भईसकेको अवस्थामा त्यसलाई गाउँपालिकाको स्थायी बसोबासको मान्यता दिईने छैन ।

९.२ आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र माध्यामिक शिक्षा (SLC/SEE) परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

९.३ सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

९.४ आवेदक दलित भएमा राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

९.५ आवेदक आदिवासी/जनजाति भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

९.६ आवेदक मधेसी भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**१०. अन्य जानकारी :**

क. म्याद नाघी आएको वा रीत नपुगेको वा आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात पूरा नभएको आवेदन दर्ता गरिने छैन । दर्ता पश्चात् संकलित फारम रुजु गर्दा रीत नपुगेको पाईएमा प्रतिष्ठानले त्यस्ता फारम रद्द गर्नेछ ।

ख. यदि कुनै विद्यार्थीले नक्कली कागजात वा झुठ्ठो विवरण पेश गरेको प्रमाणित भएमा सो विद्यार्थीलाई प्रतिष्ठानले कुनै पनि समय शैक्षिक कार्यक्रमबाट निष्कासन गर्नेछ ।

ग. यस कार्यक्रम अन्तर्गत अध्ययन पूरा गरेका सम्पूर्ण विद्यार्थीहरुले नेपाल सरकार स्वास्थ्य मन्त्रालय तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ को व्यवस्था अनुसार नेपाल सरकार वा यस प्रतिष्ठानले तोकेको स्वास्थ्य संस्थामा गई कवुलियतनामामा उल्लेख भएको अवधिभर काम गरिसकेपछि मात्र यस प्रतिष्ठानबाट स्थायी प्रमाण-पत्र पाउनेछन् ।

**द्रष्टव्यः**

क) आवेदन फाराम बुझाउँदा उल्लेखित सम्पूर्ण कागजातहरुको सक्कल आवेदक स्वयंले अनिवार्य रूपले साथमा ल्याउनु पर्नेछ ।

ख) पिछडिएको क्षेत्र भन्नाले ९ जिल्ला क्रमशः हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ, बाजुरा र जाजरकोटलाई जनाउँदछ (संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ तथा संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को दफा ७ उप-दफा (३) संग सम्बन्धित अनुसूची-१) ।

ग) सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ । शिक्षा ऐन, २०२८ दफा २ (घ २) ।

घ) मानव विकास सूचकांङ्क भन्नाले नेपाल मानव विकास विवरण २०१४- नेपाल सरकार राष्ट्रिय योजना आयोग अनुसूची-४, तालिका (क) ४.१ ।